बेनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७) बेनी, भदौ ११ गते, २०८० साल संख्याःअतिरिक्ताङ्क १

भाग १

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम बसेको बेनी नगरपालिकाको सभाले मिति २०८०।०३।१० गते पारित बेनी नगरपालिकाको संस्था दर्ता ऐन, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेनी नगरपालिकामा संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४)(ठ) ले दिएको अधिकारको कार्यान्वयनका लागि नगरपालिका कार्यक्षेत्र भएका संस्था दर्ता गर्ने, नवीकरण, अभिलेखीकरण गर्ने तथा नियमन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले;

नेपालको संविधानको धारा २२६ बमोजिम बेनी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

(१) यस ऐनको नाम "बेनी नगरपालिकाको संस्था दर्ता ऐन, २०८०" रहनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात प्रारम्भ हुनेछ ।

(३) यो ऐन नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शब्दले मैत्री संघ तथा वेनी नगरपालिका अन्तर्गत गठन भएका उपभोक्ता समितिहरूसमेतलाई जनाउँछ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रशासकीय प्रमुख सम्झनु पर्छ ।

(ङ) "कार्यसमिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्यसमिति सम्झनु पर्छ ।

(च) "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले बेनी नगर कार्यपालिका सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले बेनी नगरपालिका सम्झनु पर्छ ।

(झ) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशी राष्ट्रमा दर्ता भएको वा विदेशी राष्ट्रको दातृ सहयोगमा सञ्चालित प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ञ) "दातृ निकाय" भन्नाले सामाजिक, आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ।

(ट) "विधान" भन्नाले यो ऐन बमोजिम दर्ता भएको संस्थाको विधान भन्ने सम्झनु पर्छ ।

(ठ) "दर्ता" भन्नाले यस ऐनबमोजिम संस्था दर्ता वा नवीकरण गर्ने कार्य बुझ्नुपर्छ ।

३. <u>दर्ता नगरी संस्था खोल्न नहुने</u>: (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन।

(२) नेपालको संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन । यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

४. <u>संस्थाको दर्ता</u>: (१) संस्था दर्ता गर्न चाहने ७ वा वढी व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखी संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको सदस्यहरूबाट प्रमाणित विधानको दुईप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम

(ख) उद्देश्यहरु

(ग) कार्य समितिका सदस्यहरुको नाम ठेगाना र पेशा

(घ) आर्थिक स्रोत

(ङ) कार्यालयको ठेगाना

(२) संस्था दर्ता गर्दा समितिको गठन देहायका आधारमा गर्नु पर्नेछः-

(क) कम्तिमा एक तिहाई महिला सदस्य हुनुपर्ने

(ख) समावेशी सिद्धान्त अवलम्बन गर्नुपर्ने

(ग) अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कम्तिमा एक जना महिला हुनुपर्ने

(३) दर्ताका लागि निवेदन पेश गर्न चाहने संस्थाले उपदफा (१) र (२) बमोजिमको निवेदनमा उल्लिखित विषयहरुका अतिरिक्त तपसिल अनुसारका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) संस्थाको मुख्य कार्यालय रहने वडाको सिफारिस

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(४) उपदफा (१), (२) र (३) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ । प्रमाणपत्रको ढाँचा अनुसुची १ बमोजिमको हुनेछ ।

(५) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ ।

(६) संस्था दर्तासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५. संगठित संस्था मानिनेः (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कार्यपालिकाको अनुमति लिई बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजूरी गर्न सक्नेछ र संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

६. संस्थाको सम्पत्तिः (१) संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरुस्त रुपमा राखी एकप्रति संस्था दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझाउने कानूनी उपचारमा जान सक्नेछन् ।

७. संस्थाले दर्ता अभिलेखीकरण गर्नुपर्नेः (१) प्रचलित नेपाल कानून, प्रदेश कानून तथा स्थानीय कानूनबमोजिम अन्यत्र दर्ता भएका संस्थाहरूले नगरपालिका कार्यक्षेत्र बनाउन चाहेमा यस ऐनबमोजिम दर्ता अभिलेखीकरण गर्न सक्नेछन् ।

(२) प्रचलित कानूनबमोजिम नगरपालिका क्षेत्रमा कार्यक्षेत्र विस्तार गर्न चाहने संस्थाले स्थानीय अधिकारीबाट कार्यक्षेत्र विस्तारको अनुमति लिनुपर्नेछ

(३) दर्ता अभिलेखीकरणको प्रकृया दफा ४ बमोजिमको हुनेछ ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

८. संस्थाको उद्देश्यहरुमा हेरफेर : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**९. संस्थाको आय व्यय विवरण पठाउनु पर्ने:** (१) कार्यसमितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र आफ्नो संस्थाको आय व्यय विवरण, लेखापरीक्षकको प्रतिवेदन, सम्बन्धित वडाको सिफारिस सहित कार्यालयलाई बुझाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने:** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिन संस्थाको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन निज समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा सोही बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने:** (१) कार्यपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड जरिवाना:** (१) यस ऐनबमोजिम दर्ता, नवीकरण वा अभिलेखीकरण नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थालाई कार्यपालिकाले रूपैयाँ पाँचहजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाउने कार्यसमितिका सदस्यहरुलाई कार्यपालिकाले जनही एकहजार जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई जरिवाना गरिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि लगातार तीन आर्थिक वर्ष सम्मपनि नवीकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिने छ ।

(४) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(५) दफा ८ को उपदफा (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएतापनि यस ऐनबमोजिम दर्ता हुने संस्थाले नगरपालिकाले तोकेको मापदण्ड पालना नगरी बनाएका संरचनाहरु कार्यपालिकाको निर्णयानुसार भत्काउन सक्नेछ। सो कार्यका लागि लागेको खर्च सोही संस्थाबाट असुल गरिनेछ ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

**१३. पुनरावेदन:** (१)दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्ने छ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१४. <u>संस्थाको विघटन र त्यसको परिणामः</u> (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी या अन्य कुनै कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्ने छ ।

(३) संस्था विघटनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१५. <u>नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः</u> (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा प्रचलित नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा सोहिबमोजिम हुनेछ ।

१६. <u>नवीकरण र प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐनबमोजिम दर्ता भएका संस्थाहरुले वार्षिक नवीकरण गराउनु पर्नेछ । नवीकरणका लागि दिईने निवेदनमा वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुनु पर्नेछ । नवीकरण दस्तुर र अन्य कुरा तोकिएबमोजिमको हुनेछ ।

१७. <u>पूर्व स्वीकृति लिनुपर्नेः</u> (१) प्रचलित नेपाल कानूनबमोजिम स्वीकृति पाएका नगरपालिका कार्यक्षेत्र भई क्रियाशिल हुन चाहने संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा दातृ निकायले नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पूर्व स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८. <u>नियम बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक पर्ने नियमावली बनाई लागू गर्न सक्नेछ ।

१९. <u>बचाउः</u> (१) संस्था दर्ता ऐन, २०३४ बमोजिम नगरपालिका कार्यक्षेत्र राखी दर्ता भएका संस्था यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत



बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

५४.

अनुसूची १

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

दर्ता नं.

मितिः

**संस्था दर्ता प्रमाण-पत्र**

बेनी नगरपालिका वडा नं............ मा रहेको .... नामको संस्था यस कार्यालयको मिति .......... को निर्णय बमोजिम दर्ता/ अभिलेखीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालिकाको शासन, विकास र सेवाप्रवाहलगायतका क्षेत्रमा संस्थाको सक्रिय सहभागिताको अपेक्षासहित संस्थाको प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

स्थानीय अधिकारीको

दस्तखतः

नामः

पदः

कार्यालयको छापः

---

*नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय सरकारको को अन्य कुनै निकायमा दफा ७ वा १९ बमोजिम दर्ता भएको भए*

*दर्ता नं.* *दर्ता गर्ने निकायः* *मितिः*

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

२०८०।०५।११

आज्ञाले

नेत्रप्रसाद पौडेल

बेनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत